रोशी गाउँपालिकाको दोस्रो गाउँ सभाको पहिलो बैठकबाट भएका निर्णयहरु :

निर्णय नं. १ रोशी गाउँपालिकाका प्रबक्ता श्री पदम बहादुर लामाबाट चालु आर्थिक बर्षको प्रगति बिवरण प्रस्तुत गर्नु भयो ।

निर्णय नं. २ कार्यपालिका सदस्य श्री श्रीदास लामाले नेपालको संबिधानको धारा २१७ बमोजिम गाउँ सभाका सदस्यद्वय श्री दुधराज तामाङ र श्री ज्ञानीमाया तामाङलाई न्यायिक समितिको सदस्य पदमा निर्वाचित गरियोस भनी पेश भएको प्रस्ताव ( समर्थक सदस्य श्री मिकाशजीत लामा ) बहुमतद्वारा पारित ग-यो ।

निर्णय नं. ३ आर्थिक बिकास समितिको संयोजक श्री पोष्ठराज गौतमले प्रस्तुत गर्नु भएको रोशी गाउँपालिकाको  आर्थिक कार्यबिधि नियमित तथा व्यवस्थि तगर्न बनेको बिधेयक, २०७४ र सहकारी स्थापना तथा संचालन सम्बन्धमा ब्यवस्था गर्न बनेको बिधेयक, २०७४ सर्वसहमतिले पास ग-यो ।

निर्णय नं. ४ अध्यक्षज्यूबाट सभाको सहमतिको लागि पेश गर्नु भएको  गाउँ कार्यपालिकाका सदस्य श्री मिकाशजीत लामाको संयोजकत्वमा प्रत्येक वडाले मनोनित गरेको १/१ जना सदस्य रहने गरि १३ जनाको आदिबासी जनजाति समन्वय समिति, कार्यपालिकाका सदस्य श्री ईन्द्रमाया तामाङको संयोजकत्वमार प्रत्येक वडाको १/१ जना वडा महिला सदस्य रहने गरि १३ सदस्यीय महिला तथा बालबालिका समन्वय समिति र कार्यपालिकाका सदस्य श्री चुक बहादुर सुनारको संयोजकत्वमा प्रत्येक वडाबाट १/१ जना दलित महिला वडा सदस्य रहने गरि १३ सदस्यीय दलित समन्वय समिति गठन गर्नेप प्रस्तावलाई सभाले सर्वसहमतिबाट सहमति जनायो ।

निर्णय नं. ५ रोशी गाउँपालिकाका उपाध्यक्ष श्री लक्ष्मि कुमारी उप्रेती ( बर्तौला ) द्वारा प्रस्तुत रोशी गाउँपालिकाको चालु आ. व. ०७४/०७५ को बजेट संसोधन प्रस्ताव र न्यायिक समितिले उजुरीको किनारा गर्दा अपनाउनु पर्ने कार्यविधी सम्बन्धमा व्यबस्था गर्न बनेको विधेयक , २०७४ लाई सभाले सर्व सहमतीले पारित ग-यो ।

निर्णय नं. ६ पुर्वाधार बिकास समितिको संयोजक श्री पदम बहादुर लामाद्वारा प्रस्तुत रोशी गाउँपालिकाको पूर्वाधार सम्बन्धी कार्यलाई ब्यवस्था गर्न बनेको विधेयक , २०७४ लाई सभाले सर्व सहमतीले पारित ग-यो ।

निर्णय नं. ७ बित्तिय ब्यवस्था तथा शुसासन समितिको संयोजक श्री प्रकृती बोहराद्वारा प्रस्तुत रोशी गाउँपालिकाको प्रशासकीय कार्यबिधि ( नियमित गर्ने ) सम्बन्धमा व्यवस्था गर्न बनेको बिधेयक, २०७४ सभाले सर्व सहमतिले पारित ग-यो ।

निर्णय नं. ८ कार्यपालिका सदस्य श्री धनजीत लामाद्वारा कार्यपालिकाले तल उल्लेखित बिभिन्न मितिका बैठकले गरेको योजनाको नाम तथा रकम संसोधनको प्रस्ताव सभाको अनुमोदनको लागि पेश गरेकोमा सभाले सर्व सहमतिले पारित ग-यो ।

आदरणीय अध्यक्षज्यू,

आज यस रोशी गाउँ सभाको दोस्रो अधिबेशनमा यस आ.व. को कार्यपालिकाको बिभिन्न बैठकले गरेको योजनाको नाम तथा रकम संसोधनको प्रस्ताव यस गरिमामय सभामा अनुमोदनको लागि पेश गर्दछु ।

**मिति २०७४ पौष ३० गतेको कार्यपालिका बैठकबाट पारित निर्णय**

गाउँसभामा नामाकरण हुन बाँकि संचाई तर्फका निर्माण आयोजना तथा मर्मत आयोजनाको निम्नानुसार नामाकरण गरियो ।

वडा नं ३ भडारे सिंचाइ योजना रु ५००,०००। पाँच लाख

वडा नं ३ टुलडुले फिर्के सिंचाइ मर्मत योजना रु ३००,०००। तीन लाख

वडा नं ११ माम्ती सिंचाइ आयोजना रु ५००,०००। पाँच लाख

वडा नं २ अधेरी खोला सिंचाइमर्मत योजना रु ३००,०००। तीन लाख

वडा नं ४ जोगीटार मन्दगाउँ सिंचाइ मर्मत योजना रु ३००,०००। तिन लाख

वडा नं ८ किर्दास नाक्टी वेशी सिंचाइ मर्मत योजना रु ३००,०००। तिन लाख

वडा नं. ९ पिन्थली सिंचाइ मर्मत योजना रु ३००,०००। तिन लाख

वडा नं ६ छाङटार लप्सीबोट सिंचाइ आयोजना रु ५००,०००। पाँच लाख

साथै वाक्यो डाँडा खानेपानी आयोजना वडा नं ११ भएकोमा सोलाई संसोधन गरि वडा नं ८ कायम गर्ने समेत निर्णय गरियो ।

**मिति २०७४ माघ ७ गतेको निर्णयहरु**

गाउँसभाबाट पारित सिंचाई तर्फका निर्माण परियोजना अन्य योजना तथा मर्मत आयोजनाहरुको नामाकरण बाँकी रहेकोमा निम्नानुसार कायम गर्ने ।

क. डालाबेसी सिंचाइ योजना, वडा नं. ११, रु ३००,०००। तीन लाख

ख. फलामेसाँघु सिंचाई मर्मत योजना, वडा नं १, रु. १००,०००। एक लाख

ग. भिमटार सिंचाई मर्मत योजना, वडा नं १, रु. १००,०००। एक लाख

घ. सिप्ले मभुवा सिंचाई मर्मत योजना ,वडा नं १, रु. २००,०००। दुई लाख

ङ. चुनिङटार सिंचाई योजना, वडा नं १, रु. १००,०००। एक लाख

साथै फलामेसाँघु पहिरो नियनत्रण योजनालाई परिवर्तन गरि देराचौर पटुवाल पहिरो नियन्त्रण, वडा नं १ नामाकरण रु. २००,०००।

साथै बस्ती जोड्ने सडकको ठेगाना परिवर्तन

| योजनाको नाम | कायम ठेगाना | अब कायम हुने ठेगाना |
|---|---|---|
| करमडाँडा भैसे तिमाले भदौरे सडक , | वडा नं १० | वडा नं ११ |
| छेमबुद्द पुच्छारटोल जोगेश्वर लेखटोल सडक, | वडा नं ९ | वडा नं १० |
| छाप थाक्ले वाइवाटोल बाल्टिङ सडक, | वडा नं ८ | वडा नं ९ |
| मच्छेगाउँ खार्ता भुमेचुली सडक, | वडा नं ३ | वडा नं ८ |

साथै लेकपानी जुडोकराँते व्यबस्थापन योजनाको नाम परिवर्तत गरि ठाकुरस्थान साउले पँधेरा खेल मैदान नामाकरण रु. २००,०००। र वलडाँडा खा.पा. जोडकोष वडा नं ६ लाई धारे च्यानडाँडा निवुवाडाँडा खानेपानी योजना नामाकरण रु. ५००,०००।

**मिति २०७४ फागुन ६ गतेको निर्णय**

क) यस रोशी गाउँपालिकाको वडा नं. १,२ र ३ को लागि तरकारी संकलन केन्द्र बनाउन छुट्याएको रु. एक लाखको दरले तीन लाख र संकलन केन्द्र बनाउन छुट्याएको रु एक लाख गरी रु. चार लाखको नामाकरण परिवर्तन गरी फलामेसाँघु तरकारी संकलन केन्द्र रु ४ (चार) लाख कायम गर्ने साथै,

(ख) वडा नं. ३ मा रहेको भिग्मे छ्याइकुण्डे गुम्बा संरक्षण योजना परिवर्तन गरि भिग्मे छ्योइफेल गुम्बा संरक्षण रु.१,५०,०००।-, शिखर देविस्थान मेला संरक्षण योजना नाम परिवर्तन गरी महाकाल देबी मन्दिर संरक्षण रु.५,००,०००।-,छ्योइतेन निर्माण नाम परिवर्तन गरी महाकाल देबी मन्दिर निर्माण रु.१,००,०००।-, शिखर आम्बोटे बृहत खानेपानी तथा सरसफाइ योजना परिवर्तन साथै खानेपानी तथा सरससफाइ जोड कोष गरी दुई वटा योजना परिवर्तन गरी एउटै शिखर आम्बोटे बृहत खानेपानी योजना रु. १०,००,०००।- साथै शिखर वडा कार्यालय संकलन केन्द्रलाइ परिवर्तन गरी तरकारी खेती उत्पादन पाकेट क्षेत्र फलामेसाँघु रु.१,००,०००।-साथै
कटुन्जे खानेपानी योजना वडा नं ७ रु.५,००,०००।- र सिंचाइ योजना निर्माण तर्फ रु.५,००,०००।- भएको दुई वटा योजनालाई गाभेर कटुन्जे लिफटिङ खानेपानी योजना रु.१०,००,०००।- कायम ।
साथै थुम्काडाँडा मोटरबाटो चरंगेफेदी सडकको नाम ईस्टिमेट अनुसार कामी खोला भतेरे थुम्काडाँडा रोड कायम गर्ने,
साथै रोशी खोला लिफटिङ कटुन्जेबेशी रु.३,००,०००।- लाई नाम परिवर्तन गरी कटुन्जेखोला सशक्त खानेपानी योजना रु.३,००,०००।- साथै मंगलटार सास्कृतिक मेला संरक्षणको नाम परिवर्तन गरी श्री मंगलेश्वर महादेव मन्दिर मर्मत रु.५०,०००।- कायम गर्ने साथै

(घ) गाउँ कार्यपालिकामा योजना सम्झौता गर्ने म्याद यही मिति २०७४ साल फागुन महिनाको २१ गते सम्म कायम गर्ने ।

**मिति २०७४ फागुन १६ गतेको निर्णय**

क) रोशी गाउँपालिकाको वडा नं. १ खहरेपाँगुलाई खुल्ला दिसामुक्त क्षेत्र घोषण गर्न साबिक गाविसमा रहेको रकमको मौज्दात समेत गाउँपालिकाको खातामा रकम ट्रान्सफर गरी आवस्यक रकम रुं. १,५०,०००।- (एक लाख पचास हजार) दिने

ख) ध्याङडाँडा देखि ताराखसे लेकसम्मको गुरुयोजना निर्माण गर्न आवस्यक प्रकृया अगाडी बढाउन तीन दिन भित्र आवस्यक सल्लाह तथा सुझाब पेश गर्ने ।

ग) रोशी गाउँपालिकाको बैठक हल संचालनको लागि फर्निचर तथा फर्निसिङ गर्न तरुण इन्टर्नसीप सिपवृत्ति कार्यकम अर्न्तगत बाँकी रहेको रकमबाट व्यबस्थापन गर्ने ।

घ) आ.व. ०७४।०७५ को आषाढ मसान्तसम्म मासिक रु. १ लाखमा नबढ्ने गरी गाडी भाडामा लिई सो गाडीलाई फिल्ड, योजना अनुगमन तथा कार्यालयको कामकाजमा प्रयोग गर्ने ।

ङ) मातृ तथा अंग्रेजी भाषामा शिक्षा प्रदान गरी सिकाई गुणस्तर सुधार कार्यक्रम अर्न्तगत रोशी गाउँपालिका वडा नं. ८ मा रहेको इन्दोदय प्रा.वि. लाई विनियोजित रु.३,००,०००।–(तीन लाख) रकम निम्नानुसार पुन विनियोजन गर्ने

| | |
|---|---|
| १. ईन्द्रोदय आधारभूत विद्यालय | रु. ८०,०००।– |
| २. गायत्री प्रा.वि. | रु. ५५,०००।– |
| ३. देविश्वरी प्रा.वि. | रु. ५५,०००।– |
| ४. भुमिस्थान प्रा.वि. | रु.५५,०००।– |

५. महादेवस्थान प्रा.वि. रु.५५,०००।–

च) चालु आ.ब.को बजेटमा चालु खर्च अर्न्तगत सवारी साधन ईन्धन तर्फ प्रमुख, उप प्रमुख सवारी साधनको लागि छुट्याईएको रु.२,८८,०००।– को २५% रकम अन्य भाडा शिर्षकमा रकमान्तर गर्ने ।

छ) आ.व. ०७४।०७५ मा बिनियोजित जुगेपानी मूल संरक्षण रु. २ लाख, जुगेपानी मूल संरक्षण रु.१,५०,०००।– र भिरवारी पहिरो रोकथाम जुगेपानी जंगल तारबार रु. २ लाख समेतको योजना परिवर्तन गरी रु.५,५०,०००।–को जुगेपानी मूल संरक्षण भिरबारी पहिरो रोकथाम तथा तारबार कायम गर्ने ।

## २०७४ चैत्र ४ गतेका निर्णय

क) बिनियोजन हुन बाँकी रु. ३२,००,०००।–को बजेट तथा कार्यक्रम आगामी गाउँ सभाबाट अुमोदन गर्ने गरी निम्म शिर्षकहरुको लागि स्वीकृत प्रदान गर्ने ।

| क.सं | शिर्षकहरु | वडा नं | कुल रकम |
|---|---|---|---|
| १ | सेतीदेवी प्रा.वि. शौचालय निमार्ण पटवाल | १ | १,००,०००। |
| २ | लक्ष्मी मा. वि. साईन्स ल्याब | २ | १,००,०००। |
| ३ | सत्तल निमार्ण | ३ | ३,००,०००। |
| ४ | देवी मा. वि. खेल मैदान निमार्ण | ३ | १,००,०००। |
| क | लेम्बेशी सानेखोला सिंचाई मर्मत | ४ | १,००,०००। |
| ६ | भूमिस्थान मा. वि. खेल मैदान निर्माण | ५ | १,००,०००। |
| ७ | वर्थथिङको लागि फर्निचर स्वास्थ्य चौकी | ६ | १,५०,०००। |
| ८ | सिम गोठटोल दलचिन डुंगा ग्रामिण सडक | ६ | २,४०,०००। |
| ९ | कोतर्चे सत्तल निमार्ण | ८ | १,००,०००। |
| १० | छत्रेपिपल दाउने पाल्ले वाल्टिङ जोड्ने सडक मर्मत | ९ | २,५०,०००। |
| ११ | महाभारत नारायण मन्दिर निर्माण | १२ | २,५०,०००। |
| १२ | कालीखोला कमरदेउ सडक | १२ | २,००,०००। |
| १३ | सुङरे चौर निर्माण | ६ | १,००,०००। |
| १४ | आयुर्वेदिक शाखा गा. पा. | | १,००,०००। |
| १५ | भिमसेन मन्दिर मर्मत | ३ | १,५०,०००। |
| १६ | सिपाली कोटथुम्का कानेगाउँ सडक मर्मत | | २,५०,०००। |
| १७ | काईयो डाडाँ ग्रामिण बिद्युत | ५ | १,००,०००। |
| १८ | लेम्बेशी सानेखोला दोभान ग्रामिण विद्युतिकरण | ४ | ५०,०००। |
| १९ | भोटेसालु सत्तल निर्माण | १० | २,००,०००। |
| २० | नाङसालटार हुँदै किर्दास स्कूल जोड्ने बाटो | ८ | ७०,०००। |
| २१ | एकिकृत शिखर महिला बचत कार्यालयको झ्याल ढोका हाल्न | २ | ५०,०००। |
| २२ | पोटाखोला लुर्पुङ मोटरबाटो मर्मत | ५ | १,४०,०००। |
| | **कुल जम्मा** | | **३२,००,०००।** |

ख) खानेपानी शिर्षकमा बिनियोजित कुपिनटार स्याउरीटार लिफ्टिङ खानेपानी शिर्षक परिवर्तन गरी **सानो भुग्देउ, पटुवाल, स्यारी, स्याउरीटार र पाँगु बेशी** रु. ५,००,०००। कायम गर्ने ।

ग) साबिक खहरेपाँगु गाविसको खातामा रहेको मौज्दात रु. एक लाख साबिक गाविसबाट खर्च हुन नसकेकोमा सो रकम रोशी गाउँपालिका वडा नं १ स्थीत स्वास्थ्थ चौकी व्यवस्थापनको लागि खर्च गर्ने ।

**२०७४ चैत्र १५ गतेको निर्णय**

क) मंगलटार गाउँ बृहत खानेपानी योजना नाम संसोधन गरि बृहत मंगलटार खानेपानी उपभोक्ता समिति कायम गर्ने ।

ख) नारायणटार खा.पा. योजनाको शिर्षक परिवर्तन गरि नारायणटार बृहत खानेपानी तथा सरसफाई उपभोक्ता समिति कायम गर्ने (वडा नं १)

**२०७४ चैत्र १८ गते**

क) साबिक चिहानपाखा गुम्बा सम्बाभ्यता तथा सत्तल निमार्णलाई ज्याङछुप छ्योरतेन गुम्बा तारजालि खरिद र ग्याबिङ गर्ने वडा नं. १२ रु. १००,०००।

ख) मगर सालु आमा समुह लाई परिवर्तन गरि कोपिला महिला समुह रु. १२०,०००। वडा नं. १२

ग) धारा खोला पैरो नियन्त्रणलाई छ्योइमी देछ्यालिङ गुम्बा रु. १५०,०००। वडा नं. १२

घ) शिखरपुर भू संरक्षणलाई शिखरपुर बसेरी सडक निमार्ण कायम रु. १५०,०००। त्यस्तै गाउँपालिका कार्यालय निमार्ण योजनाको नाम संसोधन गरी गाउँपालिका पूर्वाधार निमार्ण नामाकरण रु. ३०,००,०००। कायम ।

ङ) लक्ष्मी नारायण उच्च मा.वि. मतृभाषा तथा अग्रेजी भाषा सूधार कार्यक्रमको नाम संसोधन गरि लक्ष्मी नारायण उ.मा.बि.चेन गेट तथा वाल निमार्ण योजना कायम रु. ३००,०००। वडा नं. २ र वडा नं ३. मतृभाषा तथा अग्रेजी भाषा सूधार कार्यक्रम देवी मा. वि. लाई संसोधन गरि देवी मा.वि. वाल उद्यान र मेशिनरी वाल निमार्ण योजना कायम रु.३०००००। तीन लाख ।

च) सिंचाई आयोजना मर्मत रुं ३००,०००। लाई संसोधन गरि जगात टारी कुलो मर्मत रु. ३,००,०००। कायम साथै

छ) वडा नं ५ मा उपभोक्ता समिति मार्फत निमार्ण ज्योती मार्ग सडक निमार्ण गर्दा बढी बिवाद उत्पन्न भएको हुँदा उक्त सडक रु. १०,००,०००। (दश लाख) लाई टेण्डर प्रकृयामा लाने ।

निर्णय नं. ९ स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २२ बमोजिम सुशासन समितिको संयोजक तथा सदस्यमा तपशिल बमोजिमको ११ जना प्रतिनिधि रहने सर्व सहमतिले पास गरियो ।

तपशिल :

संयोजक श्री शंखबुद्व लामा वडा नं ११

सदस्य श्री मखमली परियार वडा नं. १

सदस्य श्री भोज बहादुर बोहरा वडा नं. २

सदस्य श्री सीता लामा वडा नं. ३

सदस्य श्री निशा माया लामा वडा नं ५

सदस्य श्री राजु शाह वडा नं ६

सदस्या श्री राम कुमार श्रेष्ठ वडा नं. ७

सदस्य श्री विजय थोकर वडा नं.

सदस्या श्री दुर्गा अधिकारी वडा नं. ९

सदस्य श्री बल बहादुर तामाङ वडा नं. १०

सदस्य श्री मुना घिमिरे मैनाली वडा नं १२